गण्डकी प्रदेश सरकार

# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

# खेलकुद मैदान मर्मत सम्भार कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने बारे सूचना

*(प्रथम पटक प्रकाशन मिति:२०८०/१२/१६ गते)*

यस मन्त्रालयको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमहरू मध्ये खेलकुद मैदान मर्मत सम्भार कार्यक्रमलाई यस मन्त्रालयबाट स्वीकृत युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड-२०८० अनुसार कार्यान्वयन गर्नुपर्ने भएकाले मान्यता प्राप्त युवा क्लब, विद्यालय वा खेलकुदसँग सम्बन्धित संघ/सँस्थाहरूले तपसिलका कागजात सहित मिति २०८०/१२/२६ गते सम्म यस मन्त्रालयमा वा जिल्लास्थित सामाजिक विकास कार्यालयहरूमा अनुसूची-१७ अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरू:**

१. सम्बन्धित पालिका वा वडाका प्राविधिकहरूले तयार पारेको लागत अनुमान
(यसरी लागत अनुमान तयार पार्दा; सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशबाट विनियोजन भएको रकम, लागत इस्टिमेटको कम्तिमा १० प्रतिशत रकम सम्बन्धित निकाय/सँस्थाबाट साझेदारी भएको र कन्टिन्जेन्सी रकम ४ प्रतिशत देखिने गरी तयार पारेको हुनुपर्नेछ । साथै लागत इष्टिमेटमा प्राविधिकको नाम, हस्ताक्षर र कार्यरत कार्यालयको छाप अनिवार्य हुनुपर्नेछ ।)

२. सम्बन्धित पालिकाको दर विश्लेषण (Rate Analysis)

३. खेलमैदानको जग्गामा कुनै व्यक्तिको हकभोग नरहेको भन्ने स्थानीय तह/वडाको सिफारिस

४. निर्माण/उपभोक्ता समिति गठन, अनुगमन समिति गठन, खाता संचालन र सम्झौता गर्ने व्यक्तिका सम्बन्धमा भेला/क्लव वा विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयका प्रमाणित प्रतिलिपिहरू
नोट: उपभोक्ता/निर्माण समिति ७ सदस्यीय र अनुगमन समिति ३ सदस्यीय हुनु आवश्यक छ । साथै समितिहरू गठन गर्दा जनप्रतिनिधिको समेत उपस्थिति गराउनु पर्नेछ ।

५. समितिका सदस्य र पदाधिकारीहरूको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू

६. अनुसूची-२१ बमोजिमको स्वघोषणा पत्र ।

**पुनश्च:**

- "खेलमैदान मर्मत सम्भार कार्यक्रम" अन्तरगत छनौट भएका योजनाहरूलाई प्रदान गरिने रकम एक योजनाका लागि २ लाख ५० हजार रुपैयाँ भन्दा बढी हुनेछैन ।

यस सूचना अनुसार भर्नुपर्ने अनुसूची-१७ र अनुसूची-२१ यस मन्त्रालयको Website: mosd.gandaki.gov.np मा राखिएको युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड-२०८० बाट Download गर्न सकिनेछ ।

**थप जानकारीको लागि:**

मन्त्रालयको सम्पर्क नं. ०६१-५९०२४२

०६१-५९०२४३

## अनुसूची-१७

### खेलकुद मैदान मर्मत सम्भार सम्बन्धी कार्यक्रमको प्रस्तावको ढाँचा

खेलकुद मैदान मर्मत सम्भारका लागि प्रस्ताव पेश गर्ने क्लब वा विद्यालय वा खेलसँग सम्बन्धित संघसँस्थाहरुले निम्न विवरण खुल्ने गरी योजना/कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्नेछः

**१. संघ/सँस्थाको विवरणः**

(क) नाम र ठेगानाः ......................................................................

(ख) सम्पर्क व्यक्तिको नाम, थरः ..................................................

मोबाईल नः.............................................. ....

ईमेलः..............................................

बैकल्पिक सम्पर्क नः ...................................

**२. कार्यक्रमको संक्षिप्त विवरण:**

(क) खर्च शीर्षकः खेल मैदान मर्मत सम्भार

(ख) कार्यक्रमको नामः .................................... .................................... .............................

(ग) आवश्यक पर्ने कुल रकम रु.................................

(घ) कार्यक्रम सम्पन्न हुने मितिः .........................

| क्र.सं. | योजना/कार्यक्रमको स्रोतको नाम | अनुमानित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | | |
| २ | सम्वन्धित स्थानीय तह | | |
| ३ | **अन्यः**<br>१...................<br>२........................ | | |
| | जम्मा | | |

**३. कार्यक्रमको प्रस्ताव**

(क) कार्यक्रमको पृष्ठभूमिः .........................................................................................

(ख) कार्यक्रमको उद्देश्य .................................. ...........................................................

(ग) खेल मैदान स्थानको हालको अवस्थाः ................................ ......................................

(घ) निर्माण/सम्पन्न गर्नुपर्ने कार्यहरुः ............................

(ङ) अपेक्षित उपलब्धी ............................................

(च) यस कार्यक्रमको प्रयोजनका लागि प्रस्तावक संघ/संस्थाको बैंक खाता विवरण

वैंकको नामः ..........................

खाता नं.........................................................

४. **आवश्यक कागजातहरुः**

(क) सम्बन्धित स्थानीय तहको प्राविधिकले तयार पारेको लागत अनुमान (प्राविधिकले लागत अनुमान तयार पार्दा योजनाको लागि विनियोजन भएको रकमको कम्तिमा १०% रकम सम्बन्धित संघ सँस्थाको लागत सहभागिता हुने गरी तयार पारेको हुनुपर्ने )

(ख) खेलमैदान निर्माण/स्तरोन्नति गर्ने स्थलमा कुनै व्यक्ति बिशेषको हकभोग नरहेको भन्ने सम्बन्धित स्थानीय तह/वडाको सिफारिस,

(घ) उपभोक्ता समिति र अनुगमन समिति गठन सम्बन्धमा आम भेलाको निर्णयको प्रतिलिपि

(ङ) योजनाको खाता सञ्चालन र सम्झौता गर्ने पदाधिकारीका सम्बन्धमा उपभोक्ता समितिको निर्णयको प्रतिलिपि

(च) समितिका सबै पदाधिकारी एवं सदस्यहरुको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

**खेलमैदान मर्मत सम्भार गर्ने संघ/सँस्थाको तर्फबाटः**

**हस्ताक्षरः**.................................

**नाम, थरः**......................................

**सँस्थाको छापः**..........................

**पदः**.....................................

**सम्पर्क नं**......................................

**मितिः**......................................

## अनुसूची- २१

### स्वघोषणा -पत्र

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको स्विकृत वार्षिक बजेटबाट **खेलकुद मैदान मर्मत सम्भार कार्यक्रम अन्तर्गत** सञ्चालित. ......... ............................ आयोजनाका लागि मन्त्रालय र ...................................... उपभोक्ता समिति बिच मिति...... .......................... मा कूल लागत ..............................मा सम्पन्न गर्न सम्झौता गरियो। उक्त कार्यक्रममा सम्झौता बमोजिम कार्य सम्पन्न गर्न अन्य कुनै सार्वजनिक निकाय संघ सँस्थाबाट बजेट विनियोजन नभएको स्वघोषणा गर्दछौं। साथै कुनै संघ/सँस्था/निकायबाट दोहोरोपना नभएको पनि स्वघोषणा गर्दछौं।

माथि उल्लिखित सबै व्यहोरा साँचो हो झुठा ठहरिएमा कानून बमोजिम सहुँला /बुझाउँला।

| पद | नाम | हस्ताक्षर |
|---|---|---|
| अध्यक्षः | | |
| उपाध्यक्षः | | |
| सचिवः | | |
| कोषाध्यक्षः | | |
| सदस्यः | | |
| सदस्यः | | |
| सदस्यः | | |
| सदस्यः | | |
| सदस्यः | | |